नेपाल सरकार
विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय

पत्र संख्या:
चलानी नं.

सिंहदरवार
काठमाडौँ, नेपाल।

राष्ट्रिय विधि विज्ञान प्रयोगशाला सञ्चालक समिति गठनका लागि सिफारिस माग गरिएको सूचना

सूचना प्रकाशित मितिः २०८३ कात्तिक २७ गते शुक्रबार | नेपाल सम्बत ११४७ कछलाथवः चतुर्थी

राष्ट्रिय विधि विज्ञान प्रयोगशाला (स्थापना र सञ्चालन) ऐन, २०८३ को दफा ६ मा प्रयोगशालाको विकास र विस्तारको लागि नीति निर्धारण गर्न तथा प्रयोगशालाको काम कारवाहीलाई व्यवस्थित बनाउने सम्बन्धमा आवश्यक निर्देशन दिन सञ्चालक समिति गठनको व्यवस्था भए बमोजिम ऐ. ऐनको दफा ६ को उपदफा (१) खण्ड (ग) र खण्ड (घ) बमोजिम सदस्य मनोनयन गर्ने प्रयोजनार्थ **सञ्चालक समितिको सदस्य हुन योग्य र सक्षम व्यक्तिहरूलाई सिफारिस सहितको व्यक्तिगत विवरण (CV)** यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र मन्त्रालयसमक्ष वा मन्त्रालयको इमेल info@mosti.gov.np मार्फत उपलब्ध गराइदिनु हुन सम्बन्धित व्यक्ति तथा संस्थाहरूलाई अनुरोध सहित यो सूचना प्रकाशित गरिएको छ।

आवश्यक योग्यता:

१. प्रचलित कानूनबमोजिम मान्यताप्राप्त विश्वविद्यालयबाट विधि विज्ञानसँग सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण गरी कम्तीमा दश वर्षको कार्यअनुभव भएको वा स्नातकोत्तर तह उत्तीर्ण गरी कम्तीमा पाँच वर्षको कार्य अनुभव भएको वा विद्यावारिधि उपाधि हासिल गरी कम्तीमा तीन वर्षको कार्य अनुभव भएको विज्ञ व्यक्तिहरू मध्येबाट फरक-फरक विधाबाट प्रतिनिधित्व हुनेगरी मन्त्रालयले मनोनयन गरेका कम्तीमा दुई जना महिलासहित चार जना

२. प्रचलित कानूनबमोजिम मान्यताप्राप्त विश्वविद्यालयबाट विधि विज्ञान चिकित्सा, रसायन विज्ञान, जीव विज्ञान, भौतिक विज्ञान वा विधि विज्ञानसँग सम्बन्धित विभिन्न विषयका **सहप्राध्यापक**मध्येबाट मन्त्रालयले फरक-फरक विधा समेटिने गरी मनोनयन गरेका कम्तीमा दुई जना महिला सहित चार जना

फोन नं. : ०१-४२००५३९ (मा. मन्त्रीज्यूको सचिवालय), ४२००५४० (सचिवज्यूको सचिवालय), ४२००५५१ (प्रशासन महाशाखा), ४२००५४१ (नीति, योजना तथा स्रोत परिचालन महाशाखा) (विज्ञान, प्रविधि, अनुसन्धान तथा नवप्रवर्तन महाशाखा)
वेबसाइट : https://mosti.gov.np | इमेलः info@mosti.gov.np